<u>**अनुसुची - २**</u>

## डेडिकेटेड/ट्रंक लाईन बक्यौता सम्बन्धमा भए गरेका निर्णय तथा कामकारवाहीहरुको क्रमागत विवरणः

**१. विराटनगर लगायत पूर्वाञ्चल क्षेत्रमा करीव १५ वटा उद्योगहरुमा विद्युत लाईन कटौती नहुने गरी वितरण भएको विषयमा छानविन गर्न ऊर्जा मन्त्रालयको मिति २०६९।१२।२७ को निर्णयानुसार विद्युत विकास विभागको उपमहानिर्देशक श्री सुन्दर श्याम श्रेष्ठको संयोजकत्वमा गठित ५ सदस्यीय टोलीले मिति २०७०।१।२५ मा प्रतिवेदन पेश गरेको । प्रतिवेदनको निष्कर्षको मुख्य बुँदाहरु निम्न छन् :**

(क) विराटनगर लगायत पूर्वाञ्चल क्षेत्रमा निम्न १४ वटा उद्योगमा ३३ के.भि. ट्रङ्क लाइनबाट Tapping गरी विद्युत जडान गरिएको र ती मध्ये वितरण केन्द्रबाट नियन्त्रण गर्न नमिल्ने गरी ९ वटा उद्योगहरुमा सप्लाई भएको र उद्योग वाहिर Isolater वा स्वीचिंग स्टेशन समेत नराखी २ वटा उद्योगमा सप्लाई भएको ।

- रघुपती जुट मिल्स
- वावा जुट मिल्स
- कमला रोलिंग मिल्स
- शिवम प्लाष्टिक इण्डष्ट्रिज
- हुलास वायर इण्डष्ट्रिज
- धनलक्ष्मी सिन्थेटीक्स (रिलायन्स स्पीनिंग युनिट लि)
- पशुपती सिमप्याक
- एशियन थाई फुड्स
- मैनावती स्टिल इण्डष्ट्रिज
- अरिहन्त मल्टिफाइवरर्स
- अरिहन्त पोलीप्याक
- रिलायन्स स्पीनिंग मिल्स
- निगाले सिमेन्ट उद्योग
- मारुती सिमेन्ट उद्योग

*नोटः सवै लाईन ३३ के.भि.मा जोडिएको ।*

(ख) *टिओडि मिटरको डाटा डाउनलोड गरी विश्लेषण गर्दा ३३ के.भि. लाइनबाट विद्युत आपूर्ति गरीएको उपरोक्त सवै उद्योगहरुमा लोडसेडिंग तालिका अनुसार लोडसेडिंग गरेको पाइएन ।*

(ग) उद्योग व्यवसायीले जेनेरेटर प्रयोग गर्दा र विद्युत उपयोग गरी उत्पादन गर्दा लागत मूल्यमा धेरै फरक पर्ने भएकोले उद्योगीहरुले आर्थिक प्रलोभन दिई नियमित विद्युत आपूर्ति गराएको उजुरी र गुनासोमा सत्यता छैन भन्न सकिन्न ।

(घ) नेपाल विद्युत प्राधिकरण स्वायत्त संस्था भएको र यस भित्र भएका त्रुटी कमजोरी सच्याउने जिम्मेवारी र दायित्व ने.वि.प्रा.कै भएको र आफ्ना ग्राहक प्रति समान व्यवहार प्रदर्शन गर्ने कर्तव्य पनि रहेकोले असमान व्यवहार प्रर्दशन भएको विषयमा असमान गर्ने उपर छानविन हुन जरुरी छ ।

(ङ) डेडिकेटेड/ट्रङ्क लाईनबाट विद्युत सप्लाई गर्दा ऐन, नियम र विनियमावलीमा प्रष्टता नभएको र अनुगमन प्रणाली प्रभावकारी नभएको एवं फितलो देखिएको हुँदा दिर्घकालमा यस प्रकारका गुनासा र भेदभाव हुन नदिन समितिबाट अल्पकालीन, मध्यकालीन र दिर्घकालीन सुझाव पेश गरेको ।

(च) ३३ के.भि.बाट सप्लाई भएको उद्योग व्यवसायको गत अवधिको डाटा विश्लेषण गर्दा लोडसेडिंगको तालिका कार्यान्वयन नभएको पाइएको त्यस्तो कार्यको स्वीकृति दिने र कार्यान्वयन नगर्ने पदाधिकारी एवं कर्मचारीलाई ने.वि.प्रा.को नियम/विनियम अनुसार कारवाही गर्ने र सोको जानकारी सवैलाई गराई यस्ता कार्यलाई निरुत्साहित गर्नुपर्ने ।

(छ) डेडिकेटेड सप्लाई भनी देशका विभिन्न भागमा सरकारी निकाय, सुरक्षा निकाय, अस्पताल वा अन्य प्रतिष्ठानलाई माग र दवावको आधारमा २४ सै घण्टा विद्युत आपूर्ति हुनेगरी विद्युत सप्लाई भैरहेको वुझिएकोले यस्तो कार्यलाई तत्काल नियन्त्रण गर्न उपयुक्त कार्यविधि स्वीकृत गरी निश्चित मापदण्ड तोकी ने.वि.प्रा., संचालक समितिबाट मात्र विद्युत सप्लाई स्वीकृति दिने व्यवस्था मिलाउने ।

**<u>२ डेडिकेटेड तथा ट्रंक लाईन सम्बन्धमा उप समिति गठनः</u>**

औद्योगिक, व्यापारीक, गैह्र व्यापारीक वर्गका ग्राहकलाई Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड बनाई पेश गर्न ने.वि.प्रा., संचालक समितिको मिति २०७१।१०।२५ को ६९९ औं बैठकबाट संचालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा ३ सदस्यीय उपसिमिति गठन ।

**<u>उपसमितिको राय सिफारिसका प्रमुख बुँदाहरुः</u>**

डेडिकेटेड फिडर र Separate Feeder बाट विद्युत आपूर्ति हुने ग्राहकहरुको विवरणः

क) २४ सै घण्टा निरन्तर विद्युत सेवा दिनेः

- निजी तथा सामुदायिक अस्पताल, खानेपानी संस्थान, सुरक्षाको दृष्टिकोणले अति सम्वेदनशील स्थान, एयरपोर्ट, कुटनितिक नियोगलाई विद्युत सेवा दिनु पर्ने ।
- नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको जुट उद्योग, शितभण्डार, दुग्ध व्यवसाय, सिमेण्ट कारखाना जस्ता उद्योगहरुको साथै आवश्यकता, माग एव्म औचित्य समेतलाई दृष्टिगत गरी अन्य उद्योगहरुलाई पनि विद्युत आपूर्ति गर्ने ।

ख) लोडसेडिङ्गमा समावेश हुने: ३ (क) मा उल्लेख भएका ग्राहकहरु बाहेक अन्य व्यापारिक, गैह्र व्यापारिक, औद्योगिक तथा सेवा प्रदायक संस्थानहरुलाई नेपाल विद्युत प्राधिकरणले नीति निर्धारण गरे वमोजिम लोडसेडिङ्ग हुने गरी Separate Feeder मार्फत विद्युत सुविधा दिनु पर्ने ।

- डेडिकेटेड फिडरको मापदण्ड, लागत खर्च, जडान हुने उपकरणको Specification, क्षमता, जडान गर्न आवश्यक स्थान र भाडा, जग्गा सम्वन्धी व्यवस्था, संचालन खर्च, मर्मत, क्षतिपूर्ति सटडाउन चार्ज सम्वन्धमा रायसहित सिफारिस दिइएको ।

- **डेडिकेटेड फिडरलाई नयाँ महशुल दर लागु हुनुपर्ने:**

डेडिकेटेड फिडर मार्फत विद्यूत आपूर्ति गर्ने ग्राहकहरुलाई नयाँ महशुल दर लागु हुनु पर्ने:

ने.वि.प्रा.मा विद्युत सेवाको लागतमा वृद्धि हुदै गइरहेको, २०५८ सालमा महशुल समायोजन गरे पश्चात दश वर्षसम्म विद्युत महशुल वृद्धि नगरिएको र ने.वि.प्रा.को २०६६ सालको विद्युत महशुल ३०% वृद्धि गर्ने प्रस्तावलाई २०६९ श्रावणमा २०% मात्र विद्युत महशुल समायोजन गरिएको कारण प्राधिकरणको हालको विद्युत सेवाको लागत Break Even मा संचालन हुन सकेको छैन । हालको विद्युत सेवाको प्रति युनिट लागत रु ९।२७ को तुलनामा विक्रि मुल्य रु ८।०४ भएको अवस्थामा प्रति युनिट घाटा रु १।२४ हुने देखिन्छ । जसबाट ने.वि.प्रा.को वार्षिक घाटा वढि रहेको छ । तसर्थ प्राधिकरणको संचालन सम्भारको अतिरिक्त थप लगानीलाई समेत प्राधिकरणले निरन्तररुपमा घाटा व्यहोर्न पर्ने भएकोले कमसेकम हाल माग हुन सक्ने डेडिकेटेड फिडरका ग्राहकहरुलाई विद्युत ऊर्जाको व्यवस्था गर्ने र माग हुने सम्भावित क्षेत्रमा निरन्तर विद्युत आपूर्ति (Uninterrupted Power Supply) गर्ने व्यवस्था मिलाई छुट्टै उच्चदरको नयाँ महशुल दर निर्धारण गर्न आवश्यक देखिएको छ। डेडिकेटेड फिडरमार्फत निरन्तर रुपमा दैनिक २४ सै घण्टा विद्युत आपूर्ति हुने औद्योगिक तथा व्यापारिक वर्गका ग्राहकहरुलाई डेडिकेटेड वर्गमा राख्नु पर्दछ । यस प्रकार डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्तिको व्यवस्था भई लोडसेडिङ्ग अवधि घटाउने ग्राहकले यस्तो आपूर्ति व्यवस्थाको लागि देहाय वमोजिम विद्युत महशुल बुझाउनु पर्ने हुन्छ ।

- मिति २०७२।०३।१२ को ७१० औं बैठकबाट भएको निर्णय:
  - डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति गर्ने वारे संचालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा गठित उपसमितिबाट प्राप्त प्रतिवेदन स्वीकृत गर्ने ।

**३. डेडिकेटेड महशुल दर कार्यान्वयन गर्ने स्वीकृति:**

- ने.वि.प्रा., संचालक समितिको मिति २०७२।३।१२ को ७१० औं बैठकको निर्णयानुसार उपसमितिबाट सिफारिस भए वमोजिम डेडिकेटेड महशुलदर अनुमोदनको लागी विद्युत महशुल निर्धारण आयोगमा मिति २०७२।९।२० मा अनुरोध गरिएको ।

- विद्युत महशुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं बैठक र २०७२।१०।१० को १०४ औं बैठकबाट ने.वि.प्रा.संचालक समितिको मिति २०७२।०३।१२ को ७१२ औं बैठकबाट

भएको निर्णयानुसार स्वीकृत भएको विद्युत महशुल दर कार्यान्वयन गर्न मिति २०७२।१०।१४ मा स्वीकृति प्राप्त भएको ।

**४. विद्युत महशुल संकलन विनियमावली-२०७३**

- २०७३।०३।१६ को विद्युत महशुल निर्धारण आयोगको १०८ औ बैठकबाट २०६९ देखि लागु भएको विद्यमान महशुल दरमा फेरबदल गरी २०७३ श्रावण देखिको खपतमा लागु हुने गरी विद्युत महशुलदर तथा अन्य सेवा शुल्कदर कायम गर्ने निर्णय ।
- आयोगबाट निर्धारित दररेट अनुसार विद्युत महशुल संकलन विनियमावली, २०७३ ने.वि.प्रा.बाट जारी गरिएको ।
- २० घण्टा वा सो भन्दा बढी समय छुट्टै Trunk Line बाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महशुल Dedicated ग्राहकको सरह दर कायम गर्ने विद्युत महशुल निर्धारण आयोगको निर्णय कार्यान्वयन गरिएको ।
- विद्युत महशुल संकलन विनियमावली, २०७३ को विनियम ५ को उप–विनियम २ मा डेडिकेटेड/ट्रंकलाईनको विद्युत महशुल, अन्य दस्तुर तथा सेवा शुल्क सम्बन्धी व्यवस्था उल्लेख भएको ।
- विद्युत महशुल संकलन विनियमावली, २०७३ को अनुसुची १ (क) मा डेडिकेटेड/ट्रङ्क लाईन सम्वन्धी महशुलदर उल्लेख गरिएको ।

**५. ने.वि.प्रा. संचालक समितिको २०७५।१।३१ को ७६८औं बैठकको निर्णय :**

डेडिकेटेड फिडर लाईन मार्फत आपूर्ति लिएका ग्राहकहरुको लागि २०७२ श्रावणको खपत देखि लागु भएको महशुलदर र विद्युत महशुल संकलन विनियमावली २०७३ मा उल्लेखित महशुलदरको आधारमा २०७२।४।१ को खपत देखि डेडिकेटेड फिडर लाईन तथा ट्रंकलाईनमार्फत विद्युत आपूर्ति भएका ग्राहकलाई लागु गरिएको महशुलदरको कार्यान्वयनको यथार्थ अवस्था, सम्बन्धित ग्राहकहरुबाट प्राप्त गुनासो र असुल हुनुपर्ने महशुल सम्बन्धमा अध्ययन विश्लेषण गरी राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न ने.वि.प्रा., संचालक समितिको सदस्य श्री भक्त वहादुर पुनको संयोजकत्वमा ४ (चार) सदस्यीय उपसमिति गठन ।

**डेडिकेटेड फिडर तथा ट्रंकलाईन महशुल सम्बन्धमा उप समितिको राय सिफारिस** :

मिति २०७५।४।२५ मा ने.वि.प्रा. संचालक समितिमा प्रतिवेदन पेश ।

**राय तथा सिफारिसः**

- प्राधिकरणको डेडिकेटेड र ट्रंक लाईनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारीक तथा गैह्र व्यापारीक वर्गका सबै ग्राहकहरुले विद्युत शक्ति खपत गरे बापत संचालक समितिको मिति २०७२।३।१२ को निर्णय अनुसारको विद्युत महशुल निर्धारण आयोगबाट अनुमोदन भई लागु भएको

तथा विद्युत महशुल संकलन विनियमावली २०७३ अनुसुची १ (क) मा उल्लेख भए वमाजिम सम्पूर्ण रकम असुल उपर गर्ने ।

- लोडसेडिङ्ग अन्त्य भएपछिको अवस्थामा औद्योगिक, व्यापारीक तथा गैह्र व्यापारीक ग्राहकहरुको लागि तयार गरिएको संलग्न अनुसुची १ बमोजिमको महशुल लिन ने.वि.प्रा. संचालक समितिमा निर्णयको लागि पेश गर्ने ।

- ने.वि.प्रा., संचालक समितिका सदस्य श्री भक्त वहादुर पुनको संयोजकत्वमा गठित उपसमितिको प्रतिवेदन मिति २०७५।४।३१ को ७७५ औं बैठक तथा मिति २०७५।१२।१४ को बैठकमा पेश हुँदा थप अध्ययन गरी पेश गर्ने निर्णय भएको ।

## ६. २०७५।१२।२९, ने.वि.प्रा. संचालक समितिको ७९३औ बैठकको निर्णय:

नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुको विद्युत महशुल दरबारे समितिको मिति २०७५।१।३१ को ७६८ औं बैठकबाट संचालक श्री भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितले उल्लेखित विषयमा पेश गरेको संलग्न प्रतिवेदन उपर विस्तृत छलफल गरियो। सो प्रतिवेदनमा उल्लेखित केही तथ्यहरुबारे थप आधार प्रमाणसहित विविध पक्षहरुको विश्लेषण गरी निर्णय लिनु उपयुक्त देखिएकोले सो सम्वन्धमा देहाय वमोजिम गर्ने:

- संचालक श्री भक्त वहादुर पुनको संयोजकत्वमा गठित उपसमितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भए वमोजिम डेडिकेटेड लाइनबाट विद्युत आपूर्ति लिई महशुल नतिरेका ग्राहकसंग व्यवस्थापनले बाँकी विद्युत महशुल असूल उपर गर्ने ।

- सो प्रतिवेदनमा डेडिकेटेड लाइन लिएका केही ग्राहकहरुलाई नियमानुसार विलिंग नभएको भन्नेसमेत उल्लेख भएको देखिदा विलिङ्ग नगर्नुको कारणवारे वितरण केन्द्रका सम्वन्धित केन्द्र प्रमुखलाई व्यवस्थापनले स्पष्टिकरण सोध्ने ।

- निम्न विषयहरुमा थप अध्ययन गरी एक महिनाभित्र राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न तल खण्ड (घ) मा उल्लेखित उपसमिति गठन गर्ने:

    - ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुले सम्वत २०७२ श्रावण देखि २०७३ असारसम्म र तत्पश्चात प्रतिदिन उद्योग सञ्चालन गरेको अवधिको खपत विवरण, त्यस्ता ग्राहकहरुबाट नियमानुसार लिनुपर्ने महशुल, हाल लिइएको महशुल तथा यस्ता ग्राहकहरुको निवेदन दावी ।
    - नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिने प्रक्रिया र यस्ता ग्राहकहरुलाई लाग्ने महशुल संकलन विनियमावली, २०७३ मा भएका व्यवस्थाहरुको पुनरावलोकन गरी सो विनियमावलीहरुमा संशोधन गर्नुपर्ने देखिए सोको संशोधन मस्यौदा ।
    - डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिएका र लिने ग्राहकहरुको नया विद्युत महशुल दरको प्रस्ताव ।

- उर्जा, जलश्रोत तथा सिचाई मन्त्रालयका सह सचिव श्री तोयानाथ अधिकारीलाई उपसमितिमा सदस्यको रुपमा थप गरिएको ।

**७. ने.वि.प्रा. संचालक समितिको मिति २०७६।०७।१७ को ८०८औं बैठकको निर्णय :**

ने.वि.प्रा., संचालक समितिको मिति २०७५।१२।२९ को ७९३ औं बैठकबाट डेडिकेटेड ग्राहकहरुको विद्युत महशुल दरसमेतका उपर प्रतिवेदन पेश गर्न गठित उपसमितिले पेश गरेको संलग्न प्रतिवेदन उपर थप छलफल गर्नु पर्ने देखिएकोले सो प्रतिवेदन र विभिन्न वर्गका ग्राहकहरुको महशुल दरसमेतको प्रस्ताव समितिको आगामी बैठकमा पेश गर्ने ।

**८. ने.वि.प्रा., संचालक समितिको ७९३ औं बैठकबाट गठित उपसमितिको प्रतिवेदनमा उल्लेखित राय सिफारिसको सम्वन्धमा ने.वि.प्रा., सञ्चालक समितिको मिति २०७६।७।१६ को ८०९औं बैठकबाट भएका निर्णय :**

संचालक समितिको मिति २०७५।१२।२९ को ७९३ औं बैठकबाट डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट आपूर्ति लिएका ग्राहकहरुको विद्युत महशुल दरसमेतका उपर अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित उपसमितिले पेश गरेको संलग्न राय सिफारिसहितको प्रतिवेदन समेतका आधारमा देहाय वमोजिम गर्ने:

- डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट आपूर्ति लिएका ग्राहकहरुसंग २०७२ श्रावणदेखि नै लागू हुनेगरी ने.वि.प्रा., विद्युत महशुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) को अनुसुची १ (क) मा उल्लेख भएबमोजिमको विद्युत महशुल लिने ।
- विभिन्न ग्राहकले विभिन्न अदालतमा मुद्दा दायर गरी सोउपर अन्तरिम आदेश जारी भई मुद्दा विचाराधिन रहेको हुँदा त्यस्ता ग्राहकका हकमा मुद्दा फैसला भएपश्चात् विनियम ५(२) तथा अनुसूचि -१ क मा उल्लेख भए वमोजिमको विद्युत महशुल लिने ।
- भैरहवा वितरण केन्द्रका १५ वटा ग्राहकहरुले साविकको ३३ के.भी.औद्योगिक फिडरबाट ट्रंक लाईनमा परिवर्तन भई मिति २०७४।१२।१२ देखि नियमित विद्युत आपूति लिएको देखिंदा २०७५ बैशाख १ देखि लागू हुने गरी विद्युत महशुल संकलन विनिमायली, २०७३ ५(२) अनुसुचि १ (क) मा उल्लेख भएबमोजिम महशुल असुलउपर गर्ने ।
- डेडिकेटेड फिडर/लाइन, औद्योगिक फिडर/लाईन, ट्रङ्क लाइन, औद्योगिक क्षेत्र लाईन, विशेष आर्थिक क्षेत्र लाइन र ११ के.भि.रिङ्ग मेनहरुबाट विद्युत सेवा लिने ग्राहकलाई अर्को जुनसुकै लाइनमा परिर्वतन (Shift) गर्ने सम्बन्धमा व्यवस्थापनले छुट्टै कार्यविधि तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।
- नेपाल विद्युत प्राधिकरणको विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३ मा संशोधन गर्न प्रतिवेदनमा प्रस्ताव गरिएका र अन्य आवश्यक देखिएका व्यवस्थाहरु सहितको संशोधन प्रस्ताव तयार गरी समिति समक्ष पेश गर्ने ।

**९. मिति २०७६।०९।०९ मा ने.वि.प्रा. संचालक समितिको ८०९ र ८१०औं बैठकको निर्णयको आधारमा विद्युत महशुल बक्यौता रहेका डेडिकेटेड एवं ट्रङ्क लाईनबाट विद्युत आपूर्ति लिने केहि ठूला उद्योगीहरुबाट बक्यौता असुल उपर गर्न ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयमा निर्देशन माग गरिएको ।**

**१०. विवाद समाधान समिति गठन तथा कार्यादेश:**

ट्रङ्क लाइन तथा डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिइरहेका विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरु र नेपाल विद्युत प्राधिकरणबीच देखिएको विवाद लगायतका विषयमा समाधानका लागि मा. ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्री, मा. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री र मा. अर्थ मन्त्रीको आवश्यक समन्वयमा अध्ययन गरी सुझाव सिफारिस गर्न ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका ऊर्जा सचिबको संयोजकत्वमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।०९।२१ मा देहाय बमोजिमको ५ सदस्यीय समिति गठन भएको:

(क) सचिव (ऊर्जा), श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय -संयोजक

(ख) सचिव -(उद्योग), श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ग) सचिव, श्री अर्थ मन्त्रालय -सदस्य

(घ) कार्यकारी निर्देशक, श्री नेपाल विद्युत प्राधिकरण -सदस्य

(ङ) सह सचिव, श्री ऊर्जा,जलस्रात तथा सिंचाई मन्त्रालय -सदस्य सचिव

**कार्यगत शर्त :**

ट्रक लाईन तथा डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिइरहेका विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरु र नेपाल विद्युत प्राधिकरणबीच देखिएको विवाद लगायतका विषय अध्ययन गर्ने र सिफारिस सहित प्रतिवेदन पेश गर्ने ।

**११. उप-समिति गठन:**

ट्रङ्क लाइन तथा डेडिकेटेड फिडर सम्बन्धमा भएका विवादित विषयहरु तथा सो बारे भएका निर्णयहरु, अदालतका फैसालाहरु र विद्यमान कानूनी प्रावधानहरु अध्ययन गरी यथार्थ स्थितिको प्रतिवेदन समिति समक्ष प्रस्तुत गर्न ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयका सहसचिवको संयोजकत्वमा मिति २०७६।०९।२८ मा देहाय बमोजिमको ५ सदस्यीय उप समिति गठन भएको:

(क) श्री प्रविण राज अर्याल, सहसचिव, श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय -संयोजक

(ख) श्री उदयराज सापकोटा, सहसचिव, अर्थ मन्त्रालय सचिव -सदस्य

(ग) श्री शोभाकान्त पौडेल, सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(घ) श्री हरराज न्यौपाने, उप-कार्यकारी निर्देशक, श्री नेपाल विद्युत प्राधिकरण -सदस्य

(ङ) श्री राजु मर्हजन, सि.डि.ई, श्री ऊर्जा,जलस्रात तथा सिंचाई मन्त्रालय -सदस्य सचिव

**कार्यगत शर्त :**

ट्रङ्क लाइन तथा डेडिकेटेड फिडर सम्बन्धमा भएका विवादित विषयहरु तथा सो बारे भएका निर्णयहरु, अदालतका फैसलाहरु र विद्यमान कानूनी प्रावधानहरु अध्ययन गरी यथार्थ स्थितिको प्रतिवेदन समिति समक्ष प्रस्तुत गर्ने ।

**१२. २०७६।१२।०५ मा डेडिकेटेड एवं ट्रङ्क लाईनबाट विद्युत आपूर्ति लिई बक्यौता नतिर्ने ग्राहकहरु (क) श्री रिलायन्स स्पीनिंग मिल्स र (ख) श्री रघुपति जुट मिल विराटनगरको लाईन काटिएको ।**

**१३. बक्यौता नतिर्ने उद्योगीहरुको लाईन तत्काल नकाट्ने मिति २०७६।१२।५ को निर्णयः**

- मिति २०७६।१२।०५ मा बक्यौता नतिर्ने उद्योगिहरुको लाईन ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयका ऊर्जा सचिबको संयोजकत्वमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।०९।२१ मा गठित विवाद समाधान कमिटीको प्रतिवेदन आउन बाँकी रहेकोले थप निर्णण नहुनञ्जेल विद्युत लाईन नकाट्ने सम्बन्धमा माननीय अर्थ मन्त्री, ऊर्जा मन्त्री, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री, मन्त्रालयका सचिव/सहचिवज्यू र ने.वि.प्रा.को उपस्थितिमा तपसिलमा विषयमा छलफल तथा निर्णय भई (माइन्यूट) भएको ।

**छलफल तथा निर्णय :**

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण उद्योगहरुलाई प्रतिकूल प्रभाव पर्ने सम्भावनाका आधारमा सरकारबाट समेत सेवा सुविधा प्रदान गर्नु पर्ने अवस्थामा तत्कालका लागि उद्योग व्यवसायले प्राप्त गरेका सेवा, सुविधालाई निर्वाधरुपमा प्रदान गरी हालको प्रतिकूलताको सामना गर्न सक्ने तुल्याउन देहाय बमोजिम गर्ने निर्णय भएको:

- नेपाल सरकार , मन्त्रिपरिषद्को २०७६।०९।२१ को निर्णयानुसार गठन भएको समितिले अध्ययन गरिरहेको र यस सम्बन्धमा केहि कानूनी विषयमा समेत स्पष्टता हुनुपर्ने देखिएकोले उक्त समितिको प्रतिवेदन प्राप्त हुन बाँकी रहेको जानकारी ।
- माननीय उप-प्रधानमन्त्रीज्यूको संयोजकत्वमा रहेको उच्चस्तरीय समितिले कोरोना भाइरसको कारण मुलुकको अर्थतन्त्र लगायत समष्टिगत पक्षमा परेको प्रभावका सम्बन्धमा विभिन्न निर्णहरु गरी कार्यान्वयन भइरहेको र प्रकरण नं. १ बमोजिमको समतिको प्रतिवेदन समेत प्राप्त हुन बाँकी रहेको सन्दर्भमा कोरोना भाइरसको कारण समग्र उद्योग व्यवसायमा परेको प्रभावलाई समेत ध्यानमा राखी डेडिकेटेड तथा ट्रङ्क महशुल सम्बन्धी विवाद भएका उद्योगहरुको सम्बन्धमा थप निर्णय नहुञ्जेल विद्युत लाईन नकाट्ने र उद्योगहरुलाई साविक बमोजिम नै सेवा सुचारु गराउने नेपाल विद्युत प्राधिरणलाई लेखी पठाउने ।

**१४.नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।१२।९ को निर्णयानुसार उपरोक्त लाईन काटिएको सम्वन्धमा कार्यकारी निर्देशक श्री कुलमान घिसिङ्गलाई ७ (सात) दिने स्पष्टिकरण सोधिएको ।**

स्पष्टीकरण:

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।१२।९ को बैठकको निर्णय अनुसार देहायको विषयमा ७ (सात) दिन भित्र स्पष्टीकरण पेश गर्नु हुन जानकारी गराउँछु ।

"विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को नेपालमा समेत जोखिम बढ्दै गएको, यस रोगको संक्रमण हुन नदिन तथा रोकथाम, नियन्त्रण र उपचारका लागि सरकारी संयन्त्र, उद्योगी व्यवसायीलगायत निजी क्षेत्र एवं राष्ट्रिय जिवनका सवै क्षेत्र प्राथमिकताका साथ परिचालित हुनुपर्ने अवस्था रहेको, वस्तु वा सेवाको उत्पादन र वितरण प्रणालीमा अवरोध आउन नदिन सवै क्षेत्र विशेष गरी सरकारी, सार्वजनिक क्षेत्र सतर्क र सजग भई गम्भीरतापूर्वक कार्य गर्नु पर्ने लगायतका विशेष परिस्थिति र थप विद्युत उत्पादन भइरहेको एवं हुने सन्दर्भ समेत रहेकोमा विद्युत आपूर्ति जस्तो अत्यावश्यक सेवाको आपूर्ति निर्वाध रुपमा गनु पर्नेमा उद्योग व्यवसाय वन्द हुने, रोजगारी वन्द हुने, वस्तु वा सेवाको उत्पादन र निर्यातमा समेत अवरोध हुनेगरी गम्भीर क्षति पुग्नेतर्फ ध्यान नदिई राष्ट्रिय जीवनका सवै क्षेत्र कठिन परिस्थितिमा रहेको यस समयमा वस्तु वा सेवाको उत्पादन र निर्यात समेत गर्ने उद्योग व्यवसायहरुलाई विगतदेखि उपलब्ध गराइँदै आइएको विद्यूत सेवा लाइन काटी विद्युत आपूर्ति गर्ने वन्द गरी उद्योगहरुलाई कठिन परिस्थीमा थप संकट सिर्जना हुने कार्य गरेको । "

**उपरोक्त स्पष्टिकरण सम्वन्धमा स्पष्टिकरण पेश भए पश्चात नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।२।२८ बैठकको निर्णयानुसार सो सम्वन्धमा कार्यकारी निर्देशकलाई केही कारवाही गर्न नपर्ने जानकारी ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय मार्फत प्राप्त भएको ।**

## १५. मिति २०७६।९।२१ मा मन्त्रिपरिषद्बाट गठित समितिले मिति २०७७।३।२९ मा पेश गरेको प्रतिवेदनमा सिफारिस गरिएका मुख्य बुँदाहरुः

नेपाल विद्युत प्राधिकरणको संचालक समितिको मिति २०७५।१२।२९ र २०७६।०७।१६ को निर्णयबाट महशुल उठाउने निर्णय भएको देखिन्छ । उक्त निर्णय कार्यान्वयनको क्रममा विवाद सिर्जना भएको परिप्रेक्षमा देहाय बमोजिमका तीन विषय तथा अवधिमा केन्द्रीत भई समितिले विवादको समाधानको लागि राय सुझाव पेश गरको छ ।

- २०७२ श्रावण देखि २०७२ पौष मसान्त सम्मः शिवम् सिमेन्ट प्रा.लि.ले ने.वि.प्रा.को डेडिकेटेड फिडर महशुल दर विरुद्ध र सो वमोजिम विलिङ्ग भएको रकम सर्वोच्च अदालतमा दायर गरेको मुद्दा सम्वन्धमा सर्वोच्च अदालतको मिति २०७५।७।२० को फैसलामा तत्कालीन महशुल निर्धारण आयोगले फैसला गरेको मिति २०७२।९।२९ बाट मात्र वृद्धि भएको महशुल असुल गर्न ने.वि.प्रा.को नाममा परमादेश जारी भएकोमा सो फैसला अन्य उपभोक्ताको लागी लागु हुने/नहुने सम्वन्धमा महान्यायधिवक्ताको कार्यालयमा राय माग गरिएको थियो । महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।०२।२६ को पत्रानुसार यस विवादित विषयमा निर्णय गर्ने अधिकार यस समितिलाई नभएको र उपभोक्ता तथा प्राधिकरण बीच भएका महशुल सम्बन्धी विवाद समाधान गर्ने विषय विद्युत

नियमान आयोग ऐन, २०७४ को दफा १८ बमोजिम विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहेको हुँदा विद्युत नियमन आयोगबाटै आवश्यक सहजीकरणसहित विवाद निरुपण हुनुपर्ने ।

- लोडसेडिङ्ग अन्त्य हुनु अघिसम्मको अवस्था : मिति २०७२ माघ देखि २०७५ वैशाख मसान्तसम्मको अवधिमा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका उद्योगीहरुबाट ने.वि.प्रा.को स्वीकृति नलिई लोडसेडिङ्ग तालिकामा तोकिएको समय भन्दा बढी अवधि विद्युत सेवा लिएकोले विद्युत महशुल संकलन विनियमावली, २०७३ को विनियम (५) को (५) बमोजिम डेडिकेटेड महशुल लिने निर्णय मिति २०७६।०७।१६ गते ने.वि.प्रा.संचालक समितिबाट निर्णय भएको आधारमा सवै उद्योगीबाट ने.वि.प्रा. संचालक समितिका संचालक भक्त बहादुर पुनको संयोजकत्वमा गठित समितिको प्राविधिक प्रतिवेदनका आधारमा ने.वि.प्रा. विद्युत महशुल संकलन विनियमावली, २०७३ बमोजिम सम्पूर्ण महशुल निजहरुबाट ने.वि.प्रा.ले असुलउपर गर्नुपर्ने । यसरी असुल उपर गर्नु पर्ने रकम प्राधिकरणको नगद प्रवाहको अवस्थामा प्रतिकूल असर नपर्ने गरी उद्योगीहरुले किस्ताबन्दीमा बुझाउन सक्ने व्यवस्था प्राधिकरणले गरिदिनु पर्ने ।

- लोडसेडिङ्ग अन्त्य भएपछिको अवस्था : विद्युत नियमन आयोग नियमावली,२०७५ मिति २०७५।५।११ मा जारी भएको र उच्च अदालत पाटनबाट मिति २०७६।०६।०५ मा जारी गरेको रिट निवेदन खारेजको फैसलामा "हाल मुलुकमा लोडसेडिङ्ग अन्त्य भइसकेको अवस्थामा विनियमावली बमोजिमको महशुललाई निरन्तरता दिन नपर्ने भएमा महशुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुनरावलोकन गर्न सक्ने नै भएकोले त्यस तर्फ थप विवेचना गर्नु नपर्ने" व्याख्या गरेको आधारमा विद्युत नियमन आयोग स्थापना भई पूर्णरुपमा कार्यान्वयनमा आइसकेको हुँदा यस विषयमा विद्युत नियमन आयोग ऐन, २०७४ को विवाद समाधान गर्ने सम्बन्धी दफा १८ बमोजिम विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहेको हुँदा विद्युत नियमन आयोगबाटै आवश्यक सहजीकरण सहित विवाद निरुपण हुनुपर्ने देखिन्छ ।

**उप समितिको राय सिफारिस:**

- ट्रङ्क लाइन तथा डेडिकेटेड फिडर सम्बन्धमा भएका विवादित विषयहरु तथा सो बारे भएका निर्णयहरु, अदालतका फैसालाहरु र विद्यमान कानूनी प्रावधानहरु अध्ययन गरी यथार्थ स्थितिको प्रतिवेदन समितिसमक्ष प्रस्तुत गर्न ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयका सहसचिवको संयोजकत्वमा मिति २०७६।०९।२८ मा गठन भएको ५ सदस्यीय उप समितिले आफनो अध्ययन गरी समतिसमक्ष पेश गरेको प्रतिवेदनमा तीन वटा अवधिमा निम्नानुसार बक्यौता कायम भएको प्रतिवेदन पेश गरेको छ :

| बिल गरेको अवधि | बक्यौता बिल रकम रु. |
|---|---|
| २०७२ श्रावणदेखि २०७२ पौष मसान्तसम्मको | ९७ करोड |
| २०७२ माघदेखि २०७५ बैशाख मसान्तसम्मको | ६ अरब |

| | |
|---|---|
| २०७५ जेष्ठदेखि २०७७ जेष्ठ मसान्तसम्मको | ८ अरव ३ लाख |
| **२०७७ जेष्ठ मसान्तसम्मको जम्मा** | **१५ अर्व १ करोड** |

**१६. मन्त्रिपरिषद् बैठक संख्या २४/०७७ मिति २०७७।४।१९ को निर्णयः**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।९।२१ को बैठकबाट ट्रङ्क लाइन तथा डेडिकेटेड फिडरबाट भएको विद्युत आपूर्ति सम्वन्धमा विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरु र विद्युत प्राधिकरणवीच देखिएको विवादलगायतका समस्याको समाधानका लागि ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिवको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदनका सम्वन्धमा देहाय वमोजिम गर्ने :

ट्रंक लाइन तथा डेडिकेटेड फिडरबाट भएको विद्युत आपूर्ति सम्वन्धमा विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरु र विद्युत प्राधिकरणबीच देखिएको विवादलगायतका समस्याको समाधान मन्त्रालय र मातहतका निकायहरुबाट समन्वयात्मकरुपमा गर्नेगरी प्रतिवेदन कार्यान्वयन गर्न ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिने ।

**१७. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।४।१९ को निर्णय वमोजिम प्रतिवेदन कार्यान्वयनको लागि ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७७।४।२६ मा विद्युत नियमन आयोग र ने.वि.प्रा.लाई प्रतिवेदन कार्यान्वयनको लागि पत्राचार भएको ।**

**१८. विद्युत महशुल निर्धारण सम्बन्धमा मिति २०७७।०४।३० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई विद्युत महशुल निर्धारण सम्वन्धमा प्राप्त सुझावः**

- सम्मानित सर्वोच्च अदालतबाट शिवम सिमेन्ट लि.को हकमा महशुल निर्धारण सम्वन्धमा मिति २०७५।७।२० मा भएको फैसलालाई मार्गदर्शनको रुपमा ग्रहण गरी अन्य उद्योगको हकमा समेत महशुल निर्धारण गर्न उपयुक्त हुने ।
- विद्युत महशुल निर्धारण आयोगको मिति २०७२।९।२९ को १०३ औं बैठक र मिति २०७३।३।१६ को १०८औं बैठकका निर्णय अनुसार सो समयदेखि विद्युत लोडसेडिङ्ग अन्त्य भएको आधिकारीक घोषणा हुनु अघिसम्मको डेडिकेटेड तथा ट्रंक लाईन मार्फत विद्युत आपूर्ति लिएका उद्योगहरुको विद्युत उपभोग परिमाण यकिन गरी सोको आधारमा निर्धारित महशुल उपर गर्न उपयुक्त हुने । यसका लागि अन्य विषयका अलवा टि.ओ.डी. मिटरको डाटा डाउनलोडको अध्ययन प्रतिवेदन एवं सोको विश्लेषणलाई मुख्य आधार बनाउन सकिने ।
- विद्युत लोडसेडिङ्ग अन्त्य भएको घोषणा पश्चात सर्वसाधारणले समेत विद्युतको नियमित उपभोग गर्न पाएको अवस्थामा उद्योग व्यवसायको प्रवर्द्धन समेतलाई दृष्टिगत गर्दै डेडिकेटेड तथा ट्रङ्क लाईनमार्फत भएको विद्युतको वास्तविक उपयोग यकिन गरी कानूनतः अधिकार प्राप्त निकायले न्यायोचित महशुल निर्धारण तथा सहजीकरण गर्न उपयुक्त हुने ।

**१९. ट्रङ्क लाईन र डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिने ग्राहकहरुबाट विद्युत महशुल असुल गर्ने सम्वन्धमा देखिएको विवाद अध्ययन गर्न गठीत समितिको प्रतिवेदन कार्यान्वयन गर्ने सम्वन्धमा ने.वि.प्रा.सञ्चालक समितिको मिति २०७७।१०।११ को ८५९औं बैठकबाट भएका निर्णयहरु :**

- मिति २०७२ श्रावणदेखि २०७७ असार महिनासम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महशुल सम्वन्धित उपभोक्ताहरुबाट असुलउपर गर्ने । तर कुनै ग्राहकको हकमा सम्मानित अदालतबाट अवधि किटान गरी महशुल लिनेगरी फैसला/आदेश भएकोमा सोही बमोजिको रकम असुलउपर गर्ने ।
- डेडिकेटेड/ट्रंक विद्युत महशुलका सम्वन्धमा केही उपभोक्ताहरुले विभिन्न अदालतमा मुद्दा दायर गरेका र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विवाद निरुपणका लागि विद्युत नियमन आयोगमा पठाई नेपाल विद्युत प्राधिकरणलाई समेत लेखी आएकोमा सो सम्वन्धमा अदालतको फैसला/आदेश र विद्युत नियमन आयोगको निर्णयबमोजिम हुने गरी कार्यान्वयन गर्ने ।
- विद्यमान कोभिड १९ बाट समग्र उद्योग व्यवसायमा परेको असरलाई मध्यनजर गरी प्रकरण (१) मा उल्लेख भएबमोजिमको बक्यौता रकम किस्तावन्दीमा बुझाउन पाऊँ भनी २०७८ असारमसान्तभित्र निवेदन पेश गर्ने सम्वन्धित उपभोक्तालाई नियमानुसारको किस्तावन्दी कायम गरी बक्यौता महशुल बुझाउने सुविधा दिने ।

**२०. विद्युत नियमन आयोगको मिति २०७७।१२।१२ पत्रबाट डेडिकेटेड फिडर र ट्रंकलाईनबाट विद्युत आपूर्ति लिएका उपभोक्ता उद्योग व्यवसायीहरुसँगको विवाद समाधान गर्ने सम्बन्धमा ने.वि.प्रा.लाई प्राप्त पत्र :**

ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको प.सं. ०७७।७८, मिति २०७७।०४।२७ को पत्र तथा सो पत्रसाथ संलग्न मन्त्रिपरिषद्को ०७७।०४।०१ को निर्णय एवं मन्त्रीपरिषद्को मिति २०७६।०९।२१ को निर्णय अनुसार गठित समितिको प्रतिवेदन समेत प्राप्त गर्नु भएकै छ। उक्त पत्र साथ संलग्न समितिको मिति २०७७।०३।०१ को प्रतिवेदनमा दिइएको राय सुझाव अनुसार उपभोक्ता उद्योग व्यवसायीहरुसँगको विवाद समाधान गर्ने सम्बन्धमा के कस्तो कारवाही गरिएको छ, कस्तो अवस्थामा छ त्यसको जानकारी यस आयोगलाई उपलब्ध गराउन हुन आयोगको मिति २०७७।१२।१२ को निर्णयानुसार अनुरोध छ ।

**२१.विद्युत नियमन आयोयको मिति २०७७।१२।१२ को पत्र सम्वन्धमा ने.वि.प्रा.ले विद्युत नियमन आयोगलाई मिति २०७७।१२।१९ च.नं. ११३९ मार्फत पत्राचार गरिएको:**

मन्त्रिपरिषद्को मिति २०७७।४।१९ को निर्णय एवं मन्त्रिपरिषद्को मिति २०७६।९।२१ को निर्णयानुसार गठित समितिको प्रतिवेदन तथा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७७।४।३० को पत्रानुसार डेडिकेटेड फिडर र ट्रङ्क लाईनबाट विद्युत आपूर्ति लिने उपभोक्ता उद्योग व्यवसायको सम्वन्धमा ने.वि.प्रा., संचालन समितिको मिति २०७७।१०।११ को ८५९ औं बैठकको

निर्णय तपशिल अनुसार कार्यान्वयनको लागि सम्वन्धित कार्यालयमा पत्राचार गरिएको जानकारी गराईएको:

- मिति २०७२ श्रावणदेखि २०७७ असार महिनासम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महशुल सम्वन्धित उपभोक्ताहरुबाट असुलउपर गर्ने । तर कुनै ग्राहकको हकमा सम्मानित अदालतबाट अवधि किटान गरी महशुल लिनेगरी फैसला/ आदेश भएकोमा सोही बमोजिको रकम असुलउपर गर्ने ।
- डेडिकेटेड/ट्रंक विद्युत महशुलका सम्वन्धमा केही उपभोक्ताहरुले विभिन्न अदालतमा मुद्दा दायर गरेका र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विवाद निरुपणका लागि विद्युत नियमन आयोगमा पठाई नेपाल विद्युत प्राधिकरणलाई समेत लेखी आएकोमा सो सम्वन्धमा अदालतको फैसला/आदेश र विद्युत नियमन आयोगको निर्णयबमोजिम हुने गरी कार्यान्वयन गर्ने ।
- विद्यमान कोभिड १९ बाट समग्र उद्योग व्यवसायमा परेको असरलाई मध्यनजर गरी प्रकरण (१) मा उल्लेख भएबमोजिमको बक्यौता रकम किस्तावन्दीमा बुझाउन पाऊँ भनी २०७८ असारमसान्तभित्र निवेदन पेश गर्ने सम्वन्धित उपभोक्तालाई नियमानुसारको किस्तावन्दी कायम गरी बक्यौता महशुल बुझाउने सुविधा दिने ।

**२२. सार्वजनिक लेखा समितिबाट मिति २०७५।१२।२४ तथा २०७६।१।३१ मा "डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति सेवामा आवद्ध व्यापारीक ग्राहक, उद्योग प्रतिष्ठानहरुको" सम्वन्धमा निम्न विवरण माग गरिएको:**

- डेडिकेटेड फिडर मार्फत् सेवा लिइरहेका उद्योग/प्रतिष्ठानहरुको अद्यावधिक विवरण ।
- उक्त सेवामार्फत् नेपाल विद्युत प्राधिकरणले हालसम्म प्राप्त गरेको महशुलको अद्यावधिक विवरण ।
- उक्त सेवामा आवद्ध उद्योग/प्रतिष्ठानहरुले महशुल तिरे/नतिरेएको अद्यावधिक विवरण ।
- कुनै उद्योग/प्रतिष्ठानहरुसंग महशुल उठाउन बाँकी रहेको भए कहिलेदेखिको बाँकी र कति रकम बाँकी रहेको छ, सोको अद्यावधिक विवरण ।
- असुलउपर गर्नुपर्ने बाँकी महशुल सम्वन्धमा त्यस कार्यालयले गरेको कुनै कारवाही भए सोको विवरण ।

**२३. ने.वि.प्रा.बाट मिति २०७६।२।६ को च.नं. १५४७ को पत्र साथ संलग्न गरी पाना १६ को विवरण श्री सार्वजनिक लेखा समितिलाई उपलब्ध गराईएको ।**

**२४. श्री सार्वजनिक लेखा समितिले मिति २०७६।४।१२, च.नं. ०७ को पत्रमार्फत निम्न विवरण ५ दिन भित्र उपलब्ध गराउने माग गरेको:**

- विद्युत नियमन सम्वन्धी नीति, कानुन, निर्देशिका र परिपत्र,
- डेडिकेटेड फिडर र ट्रङ्क लाइन सम्वन्धि वक्यौता विवरण,

- डेडिकेटेड फिडर र ट्रङ्क लाइन सम्वन्धि अन्य आवश्यक कागजातहरु,
- डेडिकेटेड फिडर र ट्रङ्क लाइन सम्वन्धमा प्राधिकरण बोर्डबाट भएका निर्णयहरु,
- डेडिकेटेड फिडर र ट्रङ्क लाइन सम्वन्धमा अध्ययन अनुसन्धान गरिएका भए सोको प्रतिवेदनहरु,
- नेपाल सरकारबाट भएका सम्वन्धित विषयका निर्णयहरु/निर्देशनहरु,
- नेपाल विद्युत प्राधिकरणको वक्यौता असुली सम्वन्धी प्रतिक्रिया,
- यस सम्वन्धी अन्य थप कागजातहरु भए सोको प्रतिलिपीहरु ।

**२५. ने.वि.प्रा.बाट मिति २०७६।४।२१ मा च.नं. ९१ को पत्र मार्फत र मिति २०७६।४।१२ को पत्र मार्फत श्री सार्वजनिक लेखा समितिबाट माग गरिएको पाना १०६ को विवरण उपलब्ध गराइएको ।**

**२६. श्री सार्वजनिक लेखा समितिले २०७६।५।११, च.नं. २४ को पत्र मार्फत प्रश्नावलीहरु संलग्न गरी लिखित प्रतिकृया माग गरेकोमा ने.वि.प्रा.बाट मिति २०७६।५।१७, च.नं. १९१ को पत्र मार्फत श्री सार्वजनिक लेखा समितिलाई लिखित प्रतिकृया पठाईएको ।**

**२७. श्री सार्वजनिक लेखा समितिले २०७६।९।१५, च.नं. ७३ को पत्र मार्फत प्रश्नावलीहरु संलग्न गरी लिखित प्रतिकृया माग गरेकोमा ने.वि.प्रा.बाट मिति २०७६।९।२९, च.नं. ८११ को पत्र मार्फत श्री सार्वजनिक लेखा समितिलाई लिखित प्रतिकृया पठाईएको ।**

**२८. उर्जा जलस्रोत तथा सिचाई मन्त्रालयबाट मिति २०७७।१२।२७ मा सार्वजनिक लेखा समितिको च.नं. ७० मिति २०७७।१२।२५ मा प्राप्त पत्रमा निर्देशनहरु कार्यान्वयन गर्न पत्राचार :**

**मुख्य निर्देशनहरुः**

- ने.वि.प्रा.बाट डेडिकेटेड लाईनको हकमा प्राधिकरणका संचालक समितिको २०७२।०३।१२ को निर्णयले २०७२ श्रावण देखिको खपतमा नयाँ महशुल दर कायम गरेको र सोको अनुमोदन विद्युत महशुल निर्धारण आयोगले गरेको तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिइरहेका ग्राहकको हकमा पनि २०७३।०३।१६ मा विद्युत महशुल निर्धारण आयोगले डेडिकेटेड लाइन सरह नै शुल्क लिने गरी निर्णय गरेकोले सोही वमोजिम विद्युत नियमावलीमा उल्लेख भएको बिल बिजक छुट बिल जारी गर्ने, बक्यौता असुल गर्ने लगायतको कार्य गरी गराई १ महिना भित्र समितिलाई जानकारी गराउन प्राधिकरण संचालन समितिलाई निर्देशन दिने ।

- छुट विल जारी भएपछि ३५ दिन भित्र ग्राहकले उक्त महशुल वुझाउनु पर्ने वा चित्त नवुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिंग भएको ६० दिनभित्र ग्राहकले विद्युत महशुल नवुझाएमा उक्त ग्राहकको लाईन काटी बक्यौता असुलउपर गर्नुपर्ने व्यवस्था विद्युत महशुल संकलन विनियमावली, २०७३ मा हुँदा हुँदै प्राधिकरण व्यवस्थापकले उक्त प्रावधान कार्यान्वयन गरेको नदेखिएकोले सो कार्यान्वयन १(एक) महिनाभित्र गराउने, क्षतिपूर्ति नतिरी विद्युत लाईन नजोड्न संचालक समिति तथा व्यवस्थापनलाई निर्देशन दिने ।

**२९. ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालयको मिति २०७७।१२।२७ मा प्राप्त सार्वजनिक लेखा समितिको च.नं. ७०, मिति २०७७।१२।२५ को पत्रमा उल्लेखित निर्देशन कार्यान्वयन सम्वन्धमा ने.वि.प्रा.सञ्चालक समितिको मिति २०७८।०१।२६ को ८७०औं बैठकबाट भएका निर्णयहरु :**

- संघीय संसद्, प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिको मिति २०७७।१२।२२ गतेको बैठकले गरेको निर्णय आवश्यक कार्यान्वयनको लागि ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको च.नं. २९९ मिति २०७७।१२।२७ को पत्रको सन्दर्भमा डेडिकेटड र ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुबाट बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी एक महिना भित्र जानकारी गराउन प्राधिकरणलाई दिएको निर्देशन अवगत गरेको ।

- सार्वजनिक लेखा समितिको उल्लेखित मितिको निर्देशन पश्चात देशमा कोभिड-१९ महामारी पुनः व्यापकरुपमा फैलिई सम्पूर्ण उद्योग व्यवसाय संचालनमा समेत प्रतिकुल प्रभाव परेको र देशका विभिन्न स्थानमा निषेधाज्ञासमेत लागू भएको अवस्थामा समितिको उक्त निर्देशन पूर्णरुपमा पालना गर्न हाललाई कठिन हुने देखिएको ।

- मिति २०७२ श्रावण देखि २०७७ असार मसान्तसम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महशुल सम्बन्धित उपभोक्ताबाट असुल उपर गर्ने, विद्युत महशुलका सम्बन्धमा अदालती प्रकृयामा गएको कुनै ग्राहकको हकमा अदालतको फैसला/आदेश बमोजिम विवाद निरुपणका लागि विद्युत नियमन आयोगमा पठाईएका ग्राहकको हकमा आयोगको निर्णय बमोजिम हुने गरी कार्यान्वयन गर्ने ।

- बक्यौता विद्युत महशुल किस्ताबन्दीमा बुझाउन पाऊँ भनि २०७८ आषाढ मसान्त भित्र निवेदन पेश गर्ने सम्बन्धित उपभोक्तालाई नियमानुसारको किस्ताबन्दी कायम गरी बक्यौता महशुल बुझाउने सुविधा दिने गरी प्राधिकरण संचालक समितिको मिति २०७७।१०।११ गतेको ८५९औ बैठकबाट निर्णय भएको ।

- माथि उल्लेखित निर्णय कार्यान्वयनको लागि नेपाल विद्युत प्राधिकरण प्रतिबद्ध रहेको व्यहोरा ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयमार्फत संघिय संसद्, प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिसमक्ष अनुरोध गरि पठाउने ।

**२९ (क) विद्युत नियमन आगोगबाट मिति २०७८।५।२२ मा नेपाल विद्युत प्राधिकरणलाई नेपाल उद्योग बाणिज्य संघ र नेपाल उद्योग परिसंघको मिति २०७८।०३।२८ को पत्र सम्वन्धमा तत्कालिन विद्युत महशुल निर्धारण आयोगको १०३ औं तथा १०८ औं बैठकको निर्णय कार्यान्वयन गर्न आयोगको २०७८।५।२२ को १३३ औं बैठकको निर्णयानुसार निर्देशन भएको ।**

३०. **बक्यौता महशुल नवुझाउने उपभोक्ताहरुलाई सम्वन्धित वितरण केन्द्रहरुबाट वारम्वार बक्यौता वुझाउन ताकेता गरिएको । पछिल्लो पटक वितरण तथा ग्राहक सेवा निर्देशनालयबाट बक्यौता महशुल भुक्तानी गर्न मिति २०८०।०५।१७, २०८०।५।२९, २०८०।७।२ र २०८०।७।१६ को गोरखापत्रमा सूचना प्रकाशित गरीएको ।**

**३१.ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयबाट मिति २०८०।५।२५ मा ट्रङ्क लाईन तथा डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति सम्वन्धमा विद्युत उपभोक्ताकर्ता उद्योमी व्यवसायीहरु र ने.वि.प्रा वीच देखिएको विवाद लगायतका समस्या सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।९।२१ को निर्णयानुसार गठित समितिको प्रतिवेदन मन्त्रिपरिषद्को मिति २०७७।४।१९ को निर्णयानुसार कार्यान्वयनको सम्वन्धमा प्रगति माग गरिएको ।**

**३२. ने.वि.प्रा.बाट मिति २०८०।५।२२ मा ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयलाई मिति २०७६।९।२१ मा मन्त्रिपरिषद्बाट गठित समितिको प्रतिवेदन तथा मन्त्रिपरिषद्को मिति २०७७।४।१९ को निर्णयानुसार कार्यान्वयनबारे भएको प्रगती सम्वन्धमा (क) ने.वि.प्रा., संचालक समितिको मिति २०७७।१०।११ को ८५९ औं बैठकको निर्णय र (ख) मिति २०८०।५।१७ गते गोरखापत्रमा २०८०।५।३१ सम्म वक्यौता विद्युत महशुल वुझाउन अनुरोध गर्दै अन्यथा विद्युत महशुल संकलन विनियमावली २०७८ को विनियम १० वमोजिम कारवाही गरिने सूचना प्रकाशित गरिएको जानकारी गराईएको ।**

**३३. मिति २०८०।५।३१ को ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयको पत्र मार्फत दिगो विकास तथा सुशासन समितिबाट डेडिकेटेड र ट्रङ्क लाईनको विद्युत महशुल बक्यौता सम्वन्धी विवरण तथा संसदीय समितिबाट विगतमा दिईएको निर्देशनको कार्यान्वयनको प्रगति सम्वन्धमा पत्राचार भएको ।**

**३४.मिति २०८०।६।१५ ने.वि.प्रा.ले ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय मार्फत दिगो विकास तथा सुशासन समितिबाट माग गरेको विवरण तथा प्रगतिको वारेमा पत्राचार गरिएको पत्रमा निम्न बुँदाहरु/विवरण समावेश गरिएको ।**

क. २०८० असार मसान्त सम्मको डेडिकेटेड/ट्रङ्क लाईनको वक्यौता विवरण,

ख. बक्यौता महशुल भुक्तानी गर्न पटक पटक पत्राचार गरिएको जानकारी गराईएको,

ग. २०७६ फागुनमा बक्यौता रहेको केही उद्योगीहरुको लाईन काटिएकोमा २०७६।१२।५ मा ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रिज्यू, अर्थ मन्त्रिज्यू र आपूर्ति मन्त्रिज्यूको रोहवरमा Minute गरी३कोभिडको कारण तथा २०७६।९।२१ म गठित कमिटिको प्रतिवेदन नआएसम्म लाईन जोडी सुचारु सेवा दिने निर्णय भए वमोजिम लाईन जोडिएको ।

घ. नेपाल सरकारबाट मिति २०७६।९।२१ मा गठित कमिटिको प्रतिवेदन र मन्त्रिपरिषद्को मिति २०७७।४।१९ कार्यान्वयनको सम्वन्धमा भएको निर्णयमा विद्युत नियमन आयोगबाट निर्णय हुनु पर्ने विषयहरु सम्वन्धमा कारवाही नभएको जानकारी गराइएको ।

ङ. सार्वजनिक लेखा समितिको मिति २०७७।१२।२२ को निर्णय कार्यान्वयन सम्वन्धमा ने.वि.प्रा., संचालक समितिले गरेको निर्णय जानकारी गराइएको ।

च. डेडिकेटेड/ट्रङ्क लाईनबाट विद्युत सेवा लिई बक्यौता विद्युत महशुल बुझाउन वाकी रहेका उपभोक्ताहरुलाई किस्तावन्दी सुविधा लिई बक्यौता महशुल बुझाउन आव्हान गर्दा त्यस तर्फ कुनै उपभोक्ताले चासो नराखेको जानकारी गराइएको ।

छ. डेडिकेटेड/ट्रङ्क लाईनबाट विद्युत सेवा लिएका उद्योग व्यवसायीहरुले वक्यौता महशुल वाहेक नियमित महशुल वुझाइरहेको ।

ज. डेडिकेटेड/ट्रङ्क लाईनबाट विद्युत सेवा उपभोग गरे वापत बक्यौता महशुल वाहेक नियमित मासिक विल नतिर्ने ३ वटा उद्योग व्यवसायीहरु (i) उदयपुर सिमेन्ट उद्योग लि. (ii) रोल्पा सिमेन्ट प्रा.लि. र (iii) सोनापुर मिनरल्स आयल प्रा.लि.को विद्युत लाईन २०८० बैशाखमा काटिएको ।

**३५. मिति २०८०।९।६ मा रिलायन्य स्पीनिंग मिल, जगदम्वा स्टिल, अर्घाखाँची सिमेन्ट र घोराही सिमेन्टको लाईन काटिएको ।**

**३६. मिति २०८०।९।८ मा त्रिवेणी स्पीनिंग मिल, अशोक स्टील, लक्ष्मी स्टील, सर्वोत्तम सिमेन्ट र सोनापुर मिनरल एण्ड आयल प्रा.लि.को लाईन काटिएको ।**